कथा

# विक्षिप्त

-चंकी श्रेष्ठ

पहिलेको कुरा हो, भात नभए भागमा बस्न ऊ किःमार्थ राजी हुने थिएन । हैसियत यस्तो थियो, घरमा फुक्को रोटी मुस्किलले जुर्थ्यो । उसलाई भने भात नभई नहुने । एक साँझ घरमा पानीरोटी पाकिरहेको थियो । भात पाक्ने कुनै संकेत थिएन । उसले आमालाई दबाब दियो, बदलामा झापट खायो । अनि त के चाहियो, राती नै घर छाडेर हिँडिदियो । बाबुआमा भने सुखद रातलाई छाडेर रातभरि दुःखी हुँदै छोरालाई खोजिरहे ।

बाबुआमाका लागि छोराछोरीको मायाजस्तो ठूलो कुरा अरु के हुनसक्छ ? त्यस दिनपछि कसैगरी उसका लागि भात जुटाउने गर्थे ।

बाबुआमालाई धन्यवाद भन्नुपर्छ, उसले एमए नसकुन्जेल धैर्य गर्न सकेकोमा । त्यसैको प्रतापले भनू, पाँच-सात वर्षपछाडि भए पनि प्रुफरिडिङको सानोतिनो ज्यालादारी मिलेको छ ।

ज्ञानको गवेषणले मान्छेलाई साख्खे तुल्याउँछ, कर्त्तव्यबोधले पक्का बनाउँदो रहेछ । अब अहिलेको कुरा हो, प्रेमचन्दको पात्रजस्तै नुन-खुर्सानीको अचारको भरमा फुक्को रोटी खाएर पनि ऊ अफिस निस्कन्छ । यही कारण त हो, खल्तीमा उसले एम्जिट चक्की छुटाउनै नहुने भएको छ ।

•••••••••••••••

आमाको सपनाको कुरा । गोपालप्रसाद रिमालकै ‘आमाको सपना’ ठानिएला । सपना त सपनै हो, तर ...?  उसलाई अझै राम्ररी सम्झना छ, आमा निकै महान् सपना देख्नुहुन्थ्यो, छोराको भविष्यलाई लिएर । बडामहाराजधिराज पृथ्वीनारायण शाहकी माताजीकै सपनालाई जित्ने खतरा थियो ।

सन्तानका लागि सपना देख्नु सायद आमाहरूको कर्त्तव्य नै हो । तर, सबै आमाका सपना साकार हुनुपर्छ भनेर कुन कानुनमा लेखिएको छ श्रीमान् ? अब यो सपनाको राजकुमारलाई हेरियोस्, धन्न हत्या वा आत्महत्याबाट जोगिएको छ । जिन्दगी त सारा दुर्भाग्यसँगै धुम्रकेतुको मार्ग हुँदै हिँडिरहेको थियो नि ! ‘रिभर्सल अफ ड्रिम’ अब यसैलाई भन्नुपर्ला ।

छोराछोरी ठूला मान्छे बनून्, हरेक बाबुआमाको सपना त्यही हुन्छ । सपना सबै साकार हुने भए यो क्रुर विपनाको अस्तित्व नै कहाँ रहन्थ्यो ! सपनामा भने ऊ पनि आफूलाई ‘राजकुमार’ नै पाउँथ्यो । गोपालप्रसाद रिमालको कवितालाई आफ्नो सपनाको रङमा घोलेर ऊ प्रार्थना गर्थ्यो-

*मेरो हरघडीको सपना*
*तिमी मेरो विपनामा आए*

विपनामा त बाधा थियो । विपनामा त जिन्दगी यावत् विडम्बनाहरूको म्युजियम बनेको थियो, सत्यजीत रेको सिनेमाजस्तै ।

•••••••••••••••

भदौको मध्याह्नमा घाम चर्केजस्तै भोक उसको पेटमा चर्किरहेको थियो, कति प्रचण्ड भने बजिरहेको रेडियो नै चपाऊँजस्तो । रेडियो नेपालमा अरुणा लामाको एउटा उदास गीत

बजिरहेको थियो । उसले बजिरहेको रेडियोलाई ठाङठुङ पाऱ्यो र स्वास्नी-छोराछोरीलाई हकार्न थाल्यो ।

स्वास्नी-छोराछोरी पल्लो घरमा नेपाल टेलिभिजनमा शनिबारे हिन्दी सिनेमा 'फिजा' हेरिरहेका थिए । सिनेमा हेर्दा तिनीहरू पशुपतिको विरुपाक्षजस्तै हुन्थे । बरु विरुपाक्ष उठेर हिँड्न थाल्ला, तिनीहरू उठ्ने कल्पना गर्न सकिन्नथ्यो ।

भोकले छुरा प्रहार गरिरहेकै बेला तल होटलमा मम पाकिरहेको बास्ना आउन थाल्यो । मन त हुन्थ्यो, भाँडै रित्याइदिऊँ । तर, साला खल्तीले पारपाचुके गरेपछि के लाग्छ ? साहु त 'आज नगद, भोलि उधारो'को मन्त्र जपेर बसिरहेको थियो । एक्कासि उसलाई साहुसँग रिस उठिदियो । त्यसलाई कुनै गुण्डो आएर बेसरी भकुर्दै लखेटिदिए क्या हुन्थ्यो ! भोकले विप्लव मच्चाइरहेको पेटलाई थिचेर ऊ ओछ्यानमा पल्टियो । यस्तैमा एउटा साथी आइपुग्यो । भोकमाथि अब भय थपियो । तर, स्वास्नी घरमा नभएकीले संकट टर्ने देखेर अलि होलो अनुभव गऱ्यो । (स्वास्नीको सिनेमाप्रेमले पनि कहिलेकाहिँ गजबकै काम गर्दोरहेछ !)

'ममको गन्धले मलाई त बान्तै होलाझैं हुन्छ यार । यस्तो दुर्गन्धमा कसरी टिक्ने ?' आफ्नो स्वरको कृत्रिमता आफैँलाई बिझायो । तैपनि प्रतिक्रिया बुझ्न साथीतिर हेऱ्यो । साथीले उसको मनोविज्ञान बुझ्यो र रकमी मुस्कान दिँदै हिँड्यो ।

•••••••••••••••

उसका लागि जागिर भन्ने कुरा यस्तो थियो जसलाई (होइन, होइन) जसले उसलाई चपाइरहेको थियो । बजेट घाटा त तलबको झण्डै सत प्रतिशत नै थियो, त्यसमाथि स्वास्नीको बर्बर विलासिता, छोराको भोक, रोग र उसको अनन्त शोक ।

कार्यालय छिरेपछि अपमान र हीनताबोधले आत्महत्यै गरेको महसुस हुन्थ्यो । अखिल ब्रह्माण्डको यस कुनामा बाँच्नै डाँका वा हत्यारा हुनु अनिवार्यजस्तै थियो । विवेकले उसलाई ती सब सुखद सम्भावनाबाट  पन्छायो, त्यसले नै मानिसका सारा दुर्भाग्यसँग साक्षात्कार पनि गरायो । बारम्बार ऊ आफूलाई सोध्ने गर्थ्यो, साँच्चै म किन डाँका वा हत्यारा हुन सकिन ? जवाफहरू केही दार्शनिक नै हुने गर्दथेः-

क) मेरा बाबु डाँका वा हत्यारा थिएनन् । अथवा आमाले डाँका वा हत्याराबाट बलात्कृत हुने अवसर पाउनु भएन । अथवा यो विद्याबाट मलाई कसले किन वञ्चित गऱ्यो ?

ख) जीवनमा केही न केही अंश ममा पनि कवित्व थियो । पार्टटाइम कवि नै  किन नहोस् ऊ हत्या वा डकैतीको सिकार बन्नसक्छ, हत्यारा वा डाँका बन्नसक्दैन ।

ग) मेरी प्रेमिका मलाई सज्जन देख्न चाहन्थी । पछि यही सज्जनपनाका कारण, करिष्मा मानन्धर शैलीमा, मलाई बाई-बाई गरी र एक प्रसिद्ध बलात्कारीसँग बिहे गरी । (आफ्नो अभियानको 'ह्याट्रिक'स्वरूप बलात्कारीले मेरी प्रेमिकालाई बलात्कार गरेको थियो र पछि बिहेकै अफर गऱ्यो । उसको बलात्कारविरुद्ध म भने प्रतिशोधको भावनाले भइरहेको थिएँ पागल । अन्तिम भावुकतास्वरूप प्रेमिकाले अलिकति आँसु देखाएजस्तो गरी, मैले लुकाएजस्तो गरेँ । त्यति हो । )

बलात्कारी समयसापेक्ष थियो, म निरपेक्ष थिएँ । डाँका वा हत्यारा नबन्नु मौसमजस्ती मेरी प्रेमिकाविरुद्ध मेरो अहम् पनि थियो ।

•••••••••••••••

कुनै दिन एउटा मार्मिक कविता पढेको थियो जसमा प्रुफरिडर आफ्नै लागि हीनताबोध गराउने भयकारी बिम्ब थियो । प्रकारान्तरमा जीवनको बाध्यताले ऊ स्वयं प्रुफरिडर बन्न पुग्यो, हेर्नुस् त विडम्बना !  (अभय मानन्धर, (एमए, अंग्रेजी), प्रुफरिडर, तह- ५ ।)

केही हस्यौली जुन हाम्रोजस्तो सभ्य अखबारी दुनियाँमा निकै लोकप्रिय थिएः-

१) पिताजीको निधनको खबर आएको हुन्छ, प्रुफरिडर पत्रको बेहोरा बुझ्दैन, 'पीताजी'को 'पी' दीर्घ भएकोमा चिन्तित हुन्छ ।

२) आफ्नै नाममा मृत्युपत्र आएको हुन्छ, प्रुफरिडर त्यो बिर्सन्छ, बरु 'मृत्युपुत्रमा'मा 'प'को सट्टा 'पु' लेखिएकोमा सच्याउँछ र हस्ताक्षर गरेर पठाइदिन्छ ।

ऊ गम्छ- प्रुफरिडर के हो ? प्रुफरिडर मान्छे होइन, कार्बन कपी हो, मेसिन हो, सुगा हो । प्रुफरिडर धेरै कुरा हो, त्यसैले केही पनि होइन ।

एकदिन उसले आफूभित्रको प्रुफरिडरलाई काटेर मिल्काउन खोज्यो । प्रुफरिडर त उसको मुटुकै एक अंश थियो । मुटु नै किन नहोस्, त्यसको रोगाह भाग काटेर मिल्काउनुपर्छ भन्ने उसको मान्यता थियो । तन्द्रा त यी सबै तन्द्रामै हुन्थे । यसपालि उसको तन्द्राले विपनाको रूप लियो । पद त हीनताबोध गराउनै नै थियो, त्यसमाथि सत्तातापसहित विराजमान 'एसएलसी-फेल' हाकिमको चलखेल ! उसले राजिनामा गऱ्यो, तर अस्वीकार गरियो । जब काम सुरु गऱ्यो, अवकासपत्र दिइयो । क्रुरता यति पनि नदेखाए ती हाकिम के हाकिम ! अन्तिम कामचाहिँ के गऱ्यो भने अवकासपत्र च्यातेर उसले हाकिमको मुखमा कोचिदियो र हिँड्यो ।

नियति त कुच्चिएको डेक्चीको पिँधजस्तै अनुहार लिएर हिँडिरहेको थियो, त्यसमाथि थोपरिएको यो अपमान ! केही विपत्कालीन झलक जुन उसको जिन्दगीमा टाक्सिएका थिए-

क) अवकासप्राप्त उमेरमा रोजिन्दा रोजगार खोज्नु र चार्ली च्याप्लिनजस्तै हास्यपात्र बन्नु ।

ख) आत्महत्या गर्ने स्तरमा अपमान र गरिबी झेल्नु र स्वर्गीय बाबुआमाको प्रिय सम्झना गर्नु ।

ख) स्वास्नीबाट नियमित नामर्दीको विद्यावारिधि प्राप्त गर्नु र चालीसको पूर्वार्द्धमै उत्तरार्द्ध जीवनको सौभाग्य उपभोग गर्नु ।

घ) तुरिएको समयमा कामुको 'द आउटसाइडर'मा डुब्नु र बिस्तारै त्यसको नायक मर्सोल्ट आफूमा संक्रमण भइरहेको अनुभव गर्नु ।

•••••••••••••••

छिमेकमा स्वतन्त्रताप्रेमी नेताज्यूको महल थियो । मन्त्रीज्यूकहाँ दुई सुगा पिञ्जरामा थुनिएका थिए । स्वतन्त्रता र पिञ्जरा, कस्तो विरोधाभाष ! चिनजान थियो, हिमचिम थिएन । उसले झुण्ड्याइराखेको पिञ्जरा झिक्यो र सुगालाई हेर्दै च्व..च्व गऱ्यो । एक्कासि दार्शनिक रोलाँ बार्थ प्रकट भए ।

बार्थ-सबै सत्यहरूको अन्त्य भाषामै हुन्छ भन्ने कुरा के तपाईं स्वीकार्नुहुन्छ महोदय ?

'होइन बार्थ महोदय, सबै सत्यहरूको अन्त्य स्वाधीनतामा हुन्छ ।'

बार्थ निस्शब्द । यो पहिलो पटक थियो, दार्शनिक बार्थले तेस्रो विश्वका सर्वसाधारणसँग 'सरेन्डर' गरेका थिए । त्यसपछि सबै कुरा बिर्सेर उसले पिञ्जरा खोलिदियो । सुगाहरू रमाउँदै आकाशतिर उडे । प्राणीका लागि स्वतन्त्रताजस्तो प्यारो कुरा अरु के हुनसक्छ ? सुगाहरूलाई स्वतन्त्रता दिन पाएकोमा खुशी हुँदै ऊ फर्कियो । नेताज्यूलाई भेट्नु जरूरी भएन ।

•••••••••••••••

आफूलाई बचाउन, ऊ दिनको पन्ध्रपल्ट आत्महत्याको योजना बनाउँथ्यो र दिनको पन्ध्रैपल्ट सपनाका मालाहरू बुन्थ्यो । यसको अर्थ के हो ? प्रष्ट छ- ऊ मृत्यु र जिन्दगीको संघर्षमा बाँचेको थियो । कार्ल मार्क्सको लिथो गरिएको भाषामा भन्ने हो भने विपरीत ध्रुवको एकता र संघर्षमा । घाउ हो, असमयमै बढ्दै जानु त यसको चरित्र नै हुन्छ । एकदिन उसले आफूलाई

जँचायो । डाक्टरले उसलाई केही नभएको आश्वासन दिए । आफूलाई केही नभएको थाहा पाउँदा ऊ बडो दुःखी भयो, किनभने यो उसका स्वास्नी-छोराछोरीको चाहनाविपरीत थियो ।

•••••••••••••••

उसले एउटा सिनेमा हेरेको थियो जसमा साम्प्रदायिक दंगा मच्चिएको समाजको चित्रण थियो । जिन्दगी त के मृत्यु पनि त्यहाँ सम्मानपूर्ण थिएन । दंगाका क्रममा प्रहरीबाट बच्न र स्वअस्तित्वको लडाइँ लड्न एक नवयुवक आतंककारी दस्तामा प्रवेश गर्छ । तर, उसको सपना त्यतिखेर खण्डित हुन्छ जब दुई नेताको हत्यामा उसको प्रयोग हुन्छ र लगत्तै ऊस्वयंको हत्या-प्रयास गरिन्छ । अब ऊ कहाँ जावस्, प्रहरी र आतंककारी दुवै शिकारीका रूपमा उसका पछाडि छन् ! निरुपाय युवक आफ्नी दिदीको हातमा बन्दुक थमाउँछ र सम्मानपूर्ण मृत्युका लागि याचना गर्छ ।

ठ्याक्कै सिनेमाको त्यही नवयुवकको दुर्भाग्यसँग अहिले ऊ साक्षात्कार गरिरहेको थियो । नवयुवक त कानुनको नजरमा अपराधी थियो, तर उसको अपराध के थियो ? देशमा यस्तो एउटा अभिसन्धि थियो जसले सही मानिसलाई आत्मघात गर्न वा विक्षिप्त पार्न श्री ५को सरकारको अध्यादेशजस्तै काम गरिरहेको थियो । एक्कासि देउता चढेजस्तै ऊ काम्न थाल्यो । संसार घुम्न र पृथ्वी पल्टिएजस्तो हुनथाल्यो । घर भन्न नसुहाउने उसको घरको चारैतिर बैंकको कालोसूचीमा परेका मन्त्री, देशमारा ठेकेदार, भ्रष्टाचारी सचिव, भद्र कालाव्यापारीका अग्ला-अग्ला महल व्यवस्थाकै प्रतीक बनेर उसलाई हियाइहेका थिए । केही क्रुर हातहरू त्यतैबाट उसको घाँटी निमोठ्न अघि बढिरहेका थिए । असहायपनका कारण आँसु नै झर्नथाल्यो ।

एक्कासि चारैतिरका महलतिर अन्धाधुन्द ढुंगा हान्नथाल्यो । कुनै महलका झलझलाकार सिसा फुटे त कुनैका मालिक घाइते भए । ठूलो हल्ला भयो । मानिसहरू जम्मा भए । पुलिसको भ्यान आयो । उजुरी गर्नेले भन्यो- 'हजुर, यो डाँका बौलायो ।'

'ओई डाँका, तँ किन बौलाइस् ?' पुलिसको सट्टा उही कड्कियो ।

'म किन बौलाएँ ?' त्यसलाई हकार्दै उसले भन्यो, 'म तिमीहरूको व्यवस्थाविरुद्ध बौलाएँ जसले मान्छेलाई मान्छे भएर बाँच्नै दिँदैन ।'

भ्यानमा कोचिनुअघि स्वास्नी-छोराछोरीतिर हेर्‍यो जसका आँखामा ऊप्रति असीम घृणाभाव थियो । कवि गोपालप्रसाद रिमालजस्तै विक्षिप्त हुँदै उसले आफैँलाई सोध्यो, 'के म बहुलाएकै हुँ ?' तर, उसको आत्माले भन्यो, ऊ बहुलाएको होइन, हुँदै होइन । आफ्नो विजय भएको देखेर बिस्तारै ऊ मुस्कुरायो । अनि फेरि अट्टहास छाडेर हाँस्नथाल्यो ।

•••••••••••••••

*जन्मः २०२८, भदौ २५, गुण्डू, भक्तपुर*

*शिक्षाः स्नातक*

*कृतिः फूलबिनाको शाखा*

*पुरस्कार, सम्मानः प्रज्ञा कथा पुरस्कार- २०६१, आमसञ्चारमा साहित्यिक पत्रकारिता सम्मान(२०६०), राष्ट्रिय गजल पुरस्कार(२०५७)*

*सिर्जनाको प्रमुख विधाः कथा, कविता*

chankyhandsome@gmail.com